प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा नेपाल

फोन नं.: ०६१-४६७७२६
०६१-४६७७३३
फ्याक्स : ०६१-४६७७११
Email:moialp4@gmail.com

दर्ता नं: ३८६
मिति: २०७५।५।२०
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

पत्र संख्या : ०७५/०७६ (प्रशासन.)
चलानी नं. : १८३

मिति : २०७५।०५।२०

विषय : निजामीत सेवा दिवस २०७५ मनाउने सम्वन्धमा

श्री प्रदेश प्रमुखको कार्यालय गण्डकी प्रदेश पोखरा
श्री प्रदेश सभा सचिवालय गण्डकी प्रदेश पोखरा
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश
श्री सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश
श्री भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी प्रदेश पोखरा

प्रस्तुत विषयमा मिति २०७५।०५।१८ गते गण्डकी प्रदेशका प्रमुख सचिव श्री लक्ष्मीराम पौडेलज्यूको अध्यक्षतामा निजामती सेवा दिवस २०७५ (भाद्र २२ गते) मनाउने सन्दर्भमा बसेको बैठकका निर्णयहरु यसैसाथ संलग्न राखी पठाइएको छ। सो सम्वन्धमा आफु र आफ्ना मातहतका निकायहरुमा निर्णयानुसार गर्न गराउनु हुन अनुरोध छ।

(विष्णु प्रसाद पोखरेल)
शाखा अधिकृत

बोधार्थ
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश पोखरा।

निजामती सेवा दिवस २०७५ भव्य र सभ्य रुपले "नतिजामुखी प्रशासनः समृद्धि र सुशासन" भन्ने नाराका साथ देहाय बमोजिम कार्यक्रमहरु संचालन गरी देहाय बमोजिम गरी मनाउने निर्णय गरियो ।

१. संघीय, प्रदेश तथा स्थानीय तहले संयुक्त रुपमा कार्यक्रमको आयजना गरी निजामती सेवा दिवा २०७५ मनाउने ।
२. भाद्र २२ गते विहान ७:३० बजे जि.वि.स कास्कीको सभाहलमा हुने मूलसमारोहको मञ्चको कार्क्रममा प्रमुख अतिथिको रुपमा माननीय मुख्यमन्त्रीज्यूलाई निमन्त्रणा गर्ने र अन्य माननीय मन्त्रिज्यूहरुलाई विशेष अतिथिको रुपमा निमन्त्रणा गर्ने ।
३. कार्यक्रमको व्यवस्थापन र संचालन आधिकारिक ट्रेड युनियन कास्कीले गर्ने । यसको लागि प्ले कार्ड समेत बनाउने ।
४. भाद्र २२ गते विहान सृजनाचोक पोखराबाट प्रभातफेरी कार्यक्रम शुरु गरी जिल्ला समन्वय समितिको कार्यालय समृद्धिचोक पोखराको सभाहलमा मूलसमारोह समितिको रुपमा परिणत गर्ने ।
५. प्रभातफेरी बाट मञ्चमा नपुर्दै शहिद झपेन्द्र कार्किको शालिकमा माल्यार्पण गरी सम्मान कार्यक्रम गर्ने ।
६. जिल्लास्तरका कर्मचारीलाई जिल्ला प्रशासन कार्यालय कास्कीले कर्मचारी पोशाकमा उपस्थित हुन सूचना प्रवाह गर्ने ।
७. प्रदेशस्तरका कर्मचारीलाई कर्मचारी पोशाकमा उपस्थित हुन आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सूचना प्रवाह गर्ने ।
८. उच्च अदालतका माननीय मुख्यन्यायाधिश, क्षेत्रीयस्तरका सुरक्षा निकायका प्रमुखहरुलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट विशेष निमन्त्रणा गर्ने ।
९. पूर्व कर्मचारी परिषद्को कार्यक्रमलाई मूल समारोह समितिको कार्यक्रममा संयोजन गरी समावेश गर्ने र पूर्व कर्मचारी परिषद्लाई जिल्ला प्रशासन कार्यालय कास्कीबाट निमन्त्रण गर्ने, कार्यक्रम व्यवस्थापन र कार्यक्रम खर्चको व्ययभार निम्न निकायले खर्च व्यवस्थापन गरी भुक्तानी दिने ।
   क) ब्यानर खर्च, प्लेकार्डहरुको हकमा पोखरा लेखनाथ महानगरपालिकाले गर्ने ।
   ख) खाजा/पानी/सभाहलको व्यवस्थापनको हकमा जिल्ला समन्वय समिति कास्कीले गर्ने ।
   ग) हाजिरीजवाफ तथा रक्तदान कार्यक्रमको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संयोजन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायतका प्रदेश मन्त्रालयबाट भुक्तानी को व्यवस्था मिलाउने ।
१०. हाजिरीजवाफ कार्यक्रमको संयोजन नेपाल निजामती कर्मचारी संगठन र नेपाल राष्ट्रिय कर्मचारी संगठन ले संयुक्त रुपमा संचालन गर्ने ।
११. रक्तदान कार्यक्रमको संयोजन नेपाल निजामती कर्मचारी युनियन संघ ले संयोजन गरी संचालन गर्ने ।